दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७१ | बुटवल | २०८२ असार ०३, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday June.17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

सुरक्षित घर निर्माण गरौं

**घर निर्माण गर्दा–**

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधी डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
-नियमित मर्मत सम्भार गरौं ।
-निर्माण अघि स्वीकृति लिऔं ।

**'बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं'**

नेपाल सरकार विज्ञापन बोर्ड

# 'स्थानीय तहको संख्या ५०१ मात्र बनाऔं'

**स्थानीय तहको संख्या ५०१ मात्रै बनाइयो भने वार्षिक करिब ३० अर्ब खर्च कम हुने सांसद घिमिरेले बताए ।**






**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमालेका सांसद बासुदेव घिमिरेले स्थानीय तहको संख्या घटाएर ५०१ मात्रै बनाउनुपर्ने बताएका छन् । यसो गर्दा वार्षिक करिब ३० अर्ब खर्च कम हुने उनको तर्क थियो ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आगामी आर्थिक वर्षको बजेटमाथिको सामान्य छलफलमा बोल्दै उनले यस्तो प्रस्ताव राखेका हुन् ।

यस भन्दा पहिला पनि आफूले स्थानीय तहको संख्या घटाउनेबारे कुरा उठाएको उनले स्मरण गरे ।

'महानगरपालिकाको संख्या १० बनाउने, उप-महानगरपालिका १५ बनाउने, नगरपालिकाको संख्या २२५ बनाउने र गाउँपालिकाको संख्या २५१ बनाएर स्थानीय तहको संख्या कुल ५०१ मात्रै गरियो भने वार्षिक करिब ३० अर्ब खर्च कम हुँदो रहेछ ।'-सांसद घिमिरेले भने ।

यो काम तत्काल सरकारले सुरु गर्नेपर्ने उनको आग्रह छ । स्थानीय तहको संख्या घटाउन सकिने र २०८४ को चुनाव अगाडि नै घटाउनुपर्ने उनको सुझाव छ ।

सांसद घिमिरे जस्तै कांग्रेस महामन्त्रीगगन थापा, केन्द्रीय सदस्य चन्द्र भण्डारी, रास्वपा कार्यवाहक प्रवक्ता मनिष झा, नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी लगायतका नेताहरुले पनि स्थानीय तहको संख्या घटाउनुपर्ने बताउँदै आएका छन् । रास्वापाले त प्रदेश सभा खारेज गरी मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित र ५देखि ७ जना विज्ञहरुको मन्त्रिपरिषद बनाउनुपर्ने माग गरेको छ । राप्रपा र राष्ट्रिय जनमोर्चाले पनि प्रदेश संरचना खारेजीको माग गर्दै आएका छन् ।

क्रिप्टो करेन्सी करोबारलाई नेपालमा वैधानिकता दिनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा बजेटमाथिको सामान्य छलफलमा बोल्दै उनले आगामी बजेटमा क्रिप्टो कारोबारलाई थप नियन्त्रण गर्न खोजिएकोमा असहमति जनाउँदै वैधानिकता दिएर करको दायरामा ल्याउनुपर्ने तर्क गरेका छन् ।

क्रिप्टो कारोबारलाई वैधानिक मान्यता दिएर नियमन र करको दायराभित्र ल्याएमा कर प्रणालीमा नयां स्रोत थपिने सांसद घिमिरेले बताए ।

अमेरिका, जापान, भारत, अष्ट्रेलिया लगायत ५० बढी मुलुकमा क्रिप्टो कारोबारलाई नियमनसहित वैधानिक मान्यता दिइएको उदाहरण दिँदै सांसद घिमिरेले नेपालमा पनि वैधानिकता दिएर करको दायरामा ल्याउनुपर्ने बताएका छन् ।

'हाल नेपालमा क्रिप्टो कारोबारलाई गैरकानूनी मानिएको छ, आगामी वजेट कार्यान्वयनमा अझैं कडाई गरिने उल्लेख छ, तर वास्तविकता के छ भने यसको अनियन्त्रित विस्तारले अर्बौं रुपैयांको अवैध कारोबार मौनरुपमा चलिरहेको छ,' घिमिरेले भने-'राज्यले नियन्त्रण गर्न नसकेको यस्ता कारोबारमा न कर उठेको छ ,न पारदर्शिता देखिएको छ,तर अन्तर्राष्ट्रिय अभ्यासमा हेर्दा अमेरिका, जापान,जर्मनी,सिंगापुर,भारत, युके, अष्ट्रेलिया लगायत ५० बढी मुलुकले क्रिप्टो कारोबारलाई नियमन सहित वैधानिक मान्यता दिएका छन्, त्यसबाट कर असुली गरिरहेका छन्, पारदर्शिता कायम गरेका छन्, र डिजिटल नवप्रवर्द्धनलाई प्रोत्साहन पनि गरिरहेका छन्, हाम्रो सन्दर्भमा पनि क्रिप्टो कारोबारलाई वैधानिक मान्यता दिएर नियमन र करको दायराभित्र ल्याएमा कर प्रणालीमा नयां स्रोत थपिन्छ, युवा पुस्ताको रुचि नियमित स्वरुपमा अघि बढ्छ, अवैध कारोबार नियन्त्रणमा आउँछ र डिजिटल अर्थतन्त्रको यात्रामा नेपालले पनि फड्को मार्न सक्छ तसर्थ अब यो बर्जितको विषय होइन, व्यवस्थापनको विषयबाट हेर्नुपर्छ ।'

सांसद घिमिरेले भ्रष्टाचारको मूल थलो भन्सार भएको टिप्पणी गर्दै भन्सारमा सुशासन नभएसम्म राजस्वको लक्ष्य हासिल हुन नसक्ने प्रष्ट पारे ।

## पत्रकार पाठकलाई पक्राउ नगर्न आदेश



बुटवल । पत्रकार दिलभूषण पाठकलाई पक्राउ नगर्न उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश ऋषि राजभण्डारीको एकल इजलासले पाठकलाई पक्राउ नगर्न भन्दै आदेश जारी गरेको हो ।

विद्युतीय कारोबार (साइबर अपराध) मुद्दामा प्रकाउ गरी अनुसन्धान गर्न नेपाल प्रहरीको साइबर ब्यूरोले जिल्ला अदालतबाट अनुमति लिएको थियो ।

आफूलाई गैरकानूनी रुपमा पक्राउ गर्न खोजिएको भन्दै पत्रकार पाठक उच्च अदालत पाटन पुगेका थिए ।

प्रारम्भिक सुनुवाइपछि नै उच्च अदालतले उनलाई पक्राउ नगर्न अल्पकालीन आदेश दिएको हो ।

## 'बजेट झापा, रुपन्देही र काठमाडौंलाई मात्रै'

बुटवल । नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष तथा सांसद प्रकाश ज्वालाले सरकारले ल्याएको बजेट मन्त्रीहरूको कब्जामा रहेको बताएका छन् । बजेटमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै नेकपा एसका प्रवक्तासमेत रहेका उनले भने-'बजेट झापा, रुपन्देही र काठमाडौंको निम्ति आयो । यसरी हेर्दा बजेट मन्त्रीहरूको एकलौटी कब्जामा परेको देखिन्छ ।'

बजेटले दुर्गमलाई नछोएको बताउँदै उपाध्यक्ष ज्वालाले मन्त्रीहरूले आफ्ना दलका कार्यकर्तालाई बजेट बाँडेको बताए ।

उनले थपे-'दुर्गमका अस्पतालमा लगानी छैन । यहाँ मन्त्रीहरूले आफ्ना कार्यकर्तालाई मनलाग्दी रकम बाँडेको देखियो । अर्कातर्फ तीन करोडका योजना छनोट गर्ने योजना आयोगको निर्देशनलाई लत्त्याउने काम भएको छ । यो बजेटले समाजवाद दर्शन भुलेको छ । बाटो बिराएको छ ।'

उनले संसद्मा प्रतिपक्षी दलद्वारा वेल घेराउ र नाराबाजीका बीच संसद् चलाउनु दुःखद भएको बताए ।

सांसद ज्वालाले भने-'नियमावलीअनुसार र हाम्रो संसदीय अभ्यासले पनि यस्ता अवस्थामा संसद्को कारबाही चल्न सक्दैन, तर हामीलाई यस्ता बेलामा बोल्न पनि गाह्रो अनि जनविरोधी बजेटको पर्दाफास गर्न र जनताका मुद्दाहरु सम्बोधन गर्न पनि बोल्नु पर्नेछ ।'

उनले आफ्नो पार्टी देश विकास, समृद्धि, उत्पादन वृद्धि, रोजगारी, भ्रष्टाचार नियन्त्रण, सुशासन, आर्थिक सङ्कटबाट मुक्ति र आत्मनिर्भर अर्थतन्त्र विकाससमेतका विषयहरू समेटेर नीति कार्यक्रम र बजेटमा सम्बोधन गर्न प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको भए पनि समावेश नभएको दुखेसो गरे ।

## बजेट छलफलमा रास्वपा पनि चाहियो : माओवादी

बुटवल । नेकपा माओवादी केन्द्रले बजेटमाथिको छलफलमा रास्वपालाई पनि सहभागी हुने वातावरण बनाउन सरकारसँग माग गरेको छ ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले प्रतिनिधि सभाको जारी बैठकमा वेल घेराउ गरेर नाराबाजी गरिरहेको रास्वपाको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए ।

उनले भने-'बजेटबारेको छलफललाई व्यवस्थित बनाउन अर्थमन्त्री र सिङ्गो सरकारलाई अहिले वेलमा सदनको चौथो दल आफ्नो विरोधका विषय राखिरहेको छ । उहाँहरूलाई पनि सहभागी हुने गरेर थप छलफल गर्न आग्रह गर्छु ।'

रास्वपाले भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समितिको माग राख्दै निरन्तर सदन अवरोध गर्दै आइरहेको छ ।

## सभामुखको भूमिकाप्रति राप्रपाको प्रश्न

बुटवल । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आफूहरूलाई सरकारले बजेटमा भाग लिने वातावरण नै नबनाएको आरोप लगाएको छन् । भिजिट भिसा प्रकरणमा गृहमन्त्रीमाथि छानबिन गर्न सरकारले अटेर गरेको भन्दै प्रतिनिधिसभाको बैठक बहिष्कार गरेपछि संसद् भवन परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै सभामुखले विरोधमा रहेका दलहरूलाई वार्तामार्फत् मिलाउन लाग्नुको सट्टा जबरजस्त अगाडि बढाएको बताए ।

उनले सभामुखले भद्रगोल अवस्थामा सदन चलाएर संसदीय मर्यादा र परम्पराविपरीत गएको बैठक अघि बढाएको आरोप लगाए ।उनले भने-'सभामुखबाट अनुचित काम भइरहेको छ, यस्तो बैठकमा हामी बस्दैनौं जबसम्म संसदमा एउटा थिति बस्दैन, शान्तिपूर्ण ढङ्गले संसद् चल्ने वातावरण नभएसम्म हामी बैठक बहिस्कार गरिराख्छौं। हामीले सभामुखलाई त्यसबारे जानकारी गराएका छौं ।'

उनले रास्वपासँग आफूहरू इस्युमा एक ठाउँमा रहेको बताए । उनले भने-'इस्युमा एक ठाउँमा छौं । आवश्यक परे छलफल गरेर सहकार्य गरेर जान पनि सक्छौं । अहिले हामी आ-आफ्नै ढङ्गले जोडिएका छौं ।'

## तिलोत्तमामा पाठेघर र स्तन क्यान्सरको निःशुल्क जांच



तिलोत्तमा । तिलोत्तमा नगरपालिकाले महिला तथा युवतीहरुको पाठेघर र स्तन क्यान्सरको जाँचका लागि बृहत शिविर सुरु गरेको छ । नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सेमराबजार स्वास्थ्य चौकीमा पाठेघरको र स्तन क्यान्सरको जाच सम्बन्धी बृहत स्वास्थ्य शिबिरको तिलोत्तमाका नगर प्रमुख रामकृष्ण खाँणले उद्घाटन गरे । उद्घाटनमा बोल्दै नगर प्रमुख खाँणले तिलोत्तमामा कुनै पनि महिला स्तन क्यान्सर र पाठेघरको क्यान्सरवाट मृत्यु हुन नपरोस् भन्ने उद्देश्यले नगरपालिकाले यो कार्यक्रम आयोजना गरेको बताए । उनले तिलोत्तमाले २४ जना नर्सलाई तालिम दिएको र अब नियमित रुपमा प्रत्येक वडामा पाठेघरको क्यान्सरको निशुल्क जाचको सेवा दिने बताए । उनले सेमरा स्वास्थ्यचौकीलाई स्तरउन्नति गरी अस्पताल बनाउन संघिय सरकारले ३ करोड बजेट समेत बिनियोजन गरेको बताए । अब केहि वर्षमै यो स्वास्थ्यचौकी अस्पताल बन्ने उनको भनाइ थियो ।

कार्यक्रममा तिलोत्तमा नगरपालिका उपप्रमुख जागेश्वरीदेवी चौधरीले नगरपालिकाले स्तन क्यान्सर र पाठेरको मुखको क्यानसरको लागी बिगतका बर्षमा पनि शिबिर संञ्चालन गरेको र अहिले पनि निरन्तरता दिएको बताइन् ।

स्वास्थ्य शाखा प्रमुख ज्ञानप्रसाद पौडेलले नगरपालिका स्वास्थ्यका क्षेत्रमा निकै जिम्मेवार रहेको बताए ।

» बाँकी ३ पेजमा

सडक डिभिजनको अनुरोध

१. बर्खायाम सुरु भैरहेकोले यात्रा गर्दा सतर्क बनौं, पहिरो र बाढीको जोखिमबाट बचौं।
२. निर्माणधिन सडकमा संकेत पालना गरौं , दुर्घटना हुनबाट जोगिऔं ।
३.ओभरलोड नगरौं , सडक र सवारी दिबै जोगाऔं ।
सवारी साधन चलाउदा मादक पदार्थ सेवन नगरौं ।
४. सडकमा पानी जमेको ठाउँ पार गर्दा गति घटाऔं, सवारी र जीवन दुबै जोगाऔं।
५. खोला, नाला र पुराना पुल नजिक अनावश्यक रुपमा रोकिने काम नगरौं।
६. बर्खामा सडक भासिने सम्भावना बढी हुन्छ - चिन्ह र चेतावनी पालना गरौं ।
७. ड्रेनज खुला राखौं, वर्षाको पानी सडकमा जम्न नदिऔं।
८. बर्खायाममा सडक निर्माण वा मर्मत भइरहेमा धैर्य र सहकार्य गरौं।
९. बाढी आएको सडक पार गर्न नखोजौं - गहिराइ अनुमानभन्दा गम्भीर हुन सक्छ ।
१०. गाडी र मोटरसाइकलको ब्रेक, टायर र लाइट पहिले जाँचौं, पछि पछुताउनु नपरोस्।
११. जहाँ पहिरोको सम्भावना छ, त्यहाँ बिनाजरूरत नजाऔं।
१२. सडक समस्या देख्ना साथ सडक डिभिजनलाई जानकारी गराऔं - तपाईंको सूचना, सबैको सुरक्षा ।

सडक डिभिजन बुटवल
रुपन्देही

## सम्पादकीय

# स्रोत बिनाको बजेट

संवैधानिक प्रबन्धअनुसार संघीय सरकारले उपलब्ध गराउने अनुदान घट्दै गएको र लक्ष्यअनुसार राजस्व संकलन नभएका बेला बजेटको आकार घटाउनुपर्ने बेला लुम्बिनी प्रदेशले घाटा बजेट ल्याएको छ। आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याइएको छ। यो बेला सरकार संयमित हुनुपर्ने बेला त्यसो गर्न ध्यान नदिँदा वित्तीय अराजकता बढ्न सक्ने जोखिम छ।

त्यसो त मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी वर्षको बजेटको आकार घट्ने सार्वजनिक रुपमै बताउँदै आएका थिए। उनको भनाइले वस्तुपरक र यथार्थ अवस्थाको चित्रण गर्न सकेको देखिन्थ्यो तर बजेट मुख्यमन्त्रीको भनाईसँग मेल खाएन्। मुख्यमन्त्रीले ३२ अर्ब हाराहारीको बजेट ल्याउने सार्वजनिकरुपमा बोल्दै आएकाले पनि धेरैले प्रदेश सरकार संयमित हुन्छ भन्ने आकलन गर्नु स्वाभाविकै थियो। अहिले प्रदेश संरचना बोझ भएको भन्दै आलोचना गर्ने पंक्ति ठूलो छ। संघीय सरकारले दिने अनुदानमा निर्भर हुनुपर्ने र राजस्व संकलनको दायरा बढ्न नसक्दा प्रदेश सरकारले प्रयाप्त विकास निर्माणका काम गर्न समस्या भएको छ। यो बेला थारै बजेट भएपनि प्रतिफलमुखी आयोजना अघि बढाउने, चालु खर्चमा मितव्ययी हुने र नतिजा निकालेर अघि बढ्दा प्रदेश सरकारप्रति समाजमा सकारात्मक धारणा विकास गर्न संभव हुने हो। प्रदेश संरचनाप्रति बढ्दो जनमतको न्यूनीकरण गर्न सक्दा नै संघीय शासन प्रणालीप्रति नागरिकको अपनत्व बढ्ने हो। प्रदेश संरचनाप्रति अपनत्व कमजोर हुँदै जानुको कारण स्रोत विहिन बजेट ल्याउने प्रवृत्तिले पनि हो। लुम्बिनी प्रदेशसहित अरु प्रदेशले पनि स्रोतको सुनिश्चित नभई बजेट ल्याएका छन्।

आगामी वर्षको बजेटमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात ६० दशमलव ३२ प्रतिशत विनियोजित छ।वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात ८ दशमलव ८० प्रतिशत अनुमान गरिएको छ। आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट ७ अर्ब ७८ करोड ४ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट ११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी ४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व २ अर्ब ८२ करोड ९० लाख हुने अनुमान छ। त्यस्तै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट ८ अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट ४ अर्ब ६६ करोड १५ लाख, समपुरक अनुदानबाट ५१ करोड ४० लाख, विशेष अनुदानबाट ४० करोड, चालु आर्थिक वर्षको नगद मौज्दातबाट २ अर्ब परिचालन हुने अनुमान अर्थमन्त्री धनेन्द्र कार्कीले गरेका छन्। यो तथ्याङ्क हेर्दा संघीय सरकारले उपलब्ध गराउने अनुदान र आन्तरिक राजस्व संकलनमा लक्ष्य हासिल हुने सम्भावना कमजोर छ।

मुख्य दुई दल एमाले र कांग्रेस मिलेर अघि बढ्दा मुलुकमा विकासको जग बस्छ,राजनैतिक स्थिरताको ग्यारेण्टी हुन्छ भन्ने समाजमा विश्वास बढेको थियो। बजेट निर्माण गर्दा दुई दलका मन्त्री र नेताहरु बीच लुम्बिनी सहित अरु प्रदेशमा जुन खालको हानथाप देखियो, यसले नेताहरु जिम्मेवार र जवाफदेही नभएको देखिन्छ। आफ्नो निर्वाचन क्षेत्र, पालिका र जिल्लामा विकास बजेट पुर्‍याउने मेलोमेसोतिर केन्द्रित हुँदा बजेटको लक्ष्य र उद्देश्य बाटो विराएको बटुवाझैं हुनु शासन प्रणालीलाई सही दिशामा अघि बढाउन समस्या हुनसक्छ।

अब बजेट आयो, एकअर्कालाई आरोप लगाउने भन्दा कार्यान्वयनमा इमान्दार भइ लाग्नुपर्छ। आन्तरिक राजस्व वृद्धिमा लक्ष्य हासिल गर्न, चालु खर्चमा सकेसम्म मितव्ययी बन्न र पुँजीगत खर्च बढाउन सके उपलब्धि देखिनसक्छ।

# नेप्से परिसूचक २.८० अंकले बढ्यो



काठमाडौं। सोमबार सेयर बजारमा करिब साढे ३ महिनायताकै उच्च कारोबार भएको छ। कुल १३ अर्ब १८ करोडको कारोबार भयो। यो रकम फागुन १९ यताकै उच्च हो। आइतबार जम्मा ११ अर्ब ४४ करोडको कारोबार भएको थियो।

कारोबार रकम उल्लेख्य बढे पनि नेप्से परिसूचक भने सुस्ताएको छ। नेप्से परिसूचक जम्मा २.८० अंक बढेको छ। सो वृद्धिपछि २६५८ मा कायम भएको छ। १२४ कम्पनीको मूल्य बढ्दा १२४ कै घट्यो।

यस दिन होटल तथा पर्यटन समूह सबैभन्दा धेरै ४.६९ प्रतिशत बढ्यो। त्यस्तै बैंकिङ ०.४८, विकास बैंक ०.२९, जीवन बिमा ०.१२, माइक्रोफाइनान्स ०.५९, निर्जीवन बीमा ०.२५ र व्यापार ०.०९ प्रतिशत बढे।

अघिल्लो दिनसम्म उच्च दरले बढेको हाइड्रोपावर १.०० प्रतिशत घट्यो। फाइनान्स सबैभन्दा धेरै १.२२ प्रतिशत घट्यो अन्य ०.३३ तथा लगानी ०.१३ प्रतिशत घटे।

पियोर इनर्जी र पिपुल्स पावरको मूल्य १० प्रतिशत बढ्यो। त्यस्तै कर्पोरेट डेभलपमेन्ट बैंकको ८.३७, सोल्टी होटलको ६.३०, ओरियन्टल होटलको ५.१३, बोटलर्स नेपाल बालाजुको ५.०९ प्रतिशत मूल्य बढ्यो।

अपरहेवाखोला हाइड्रोपावरको मूल्य ७.५८, श्री इन्भेस्टमेन्ट फाइनान्सको ६.३३, सिनर्जी पावरको ४.८४ तथा उन्नति सहकार्य लघुवित्तको ४.३५ प्रतिशत मूल्य घट्यो।

आज धेरै कारोबार भएका कम्पनीमा सानिमा माइ हाइड्रोपावर, ङादी ग्रुप, बुटवल पावर, सिंगटी हाइड्रो इनर्जी र राधि विद्युत् छन्।

# अस्तित्वको लडाई लडदै ऐतिहासिक नन्दन ताल



गोपीराम ज्ञवाली

नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा रहेको ऐतिहासिक नन्दनताल मानविय अतिक्रमणका कारण अस्तित्व नै सकिने अवस्थामा पुगेको छ। पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिकाको वार्ड नम्बर ६ मा रहेको १ सय ६२ विगाहा क्षेत्रफलमा फैलिएको नन्दन ताल अहिले स्थानीयहरुकोअतिक्रमणका कारण अहिले लोप हुने अवस्थामा पुगेको छ।

आज भन्दा २६ वर्ष पहिला १ सय ६२ विगाहा क्षेत्रफलमा फैलिएको पाल्हीनन्दन गाउँपालिकाको ऐतिहासिक नन्नदन ताल अहिले स्थानीयहरुको अतिक्रमणका कारण साँगुरिदै एउटा नालाको रूपमा परिणत हुन पुगेको छ।

नापी कार्यालय नवलपरासीका प्रमुख कैलाश नाथ पाण्डेले बताए अनुसार २०२४ सालमा भएको नापीका क्रममा नन्दन तालको क्षेत्रफललाई ३ कित्तामा छुटटाएको छ। २ क १ नम्बर कित्तामा ३४ विगाहा ११ कठठा, ३ क कित्ता नम्बर ६८ मा ८२ विगाहा ५ कठठा १० धुर, ८ ख कित्ता नम्बर १२७ मा २४ विगाहा १९ कठठा १० धुर गरी जम्मा १४१ विगाहा १६ कठठा जमिनको नक्सा रहेको छ भने अन्य प्रति जग्गाको रुपमा रहेको समेत गरी १६० विगाहा भन्दा बढि रहेको ऐतिहासिक नन्दन ताल अहिले पूर्ण रुपमा अतिक्रमित भई अहिले धान, गहुँको खेतको रुपमा परिणत हुन पुगेको छ।

२०४९ देखि २०५७ साल सम्म साविक सनई गाविसका निर्वाचित अध्यक्ष रहनु भएका राजेन्द्र कुमार शाहनीका अनुसार कुनै समयमा हजारौं प्रकारका चराचुरुङ्गी, जलचर, बनस्पतिका कारण हरियाली र मनोरम रहेको ऐतिहासिक नन्दन ताल क्षेत्र अहिले स्थानीयको अतिक्रमणका कारण सागुरो पोखरीमा परिणत भएको छ।

सनईका स्थानीयवासी समेत रहेका शाहनीका अनुसार २०५४ सालको साउनमा आएको भिषण वर्षा र बाढिले यो क्षेत्र जलमग्न भएको थियो। त्यही समयमा आएको माटो, बालुवा, र उद्योगको खरानी लगाएतले तालको अधिकांश भाग पुरिदिए पछि मानिसहरुले ताल क्षेत्रमा क्रमशः खेती गर्न थालेका हुन। एकातर्फ बाढिले तालको गहिराई पुरिदियो भने अर्को तर्फ बाढीको पानी निकासी गर्ने भन्दै ताल नजिकै रहेको सोनियाँ नाला र तरिया (माओ) खोलामा पानीको निकासीका लागि बनाईएको कटानका कारण तालमा पानी क्रमशः घटदै गयो भने क्रमशः स्थानीयवासीहरुले खेती गर्दै जाँदा अहिले ऐतिहासिक नन्दन ताल खेतमा परिणत भएको छ।

तालमा पानीको मात्रा घटदै गए पछि कतिपय स्थानमा पुरानो समय (नापी पुर्व) यो क्षेत्र मेरो थियो भन्दै कतिपय मानिसहरुले ताल अतिक्रमण गर्दै गए भने कतिपयले जमिन जता पायो उतै खेती गर्दै गएका कारण ऐतिहासिक नन्दन तालले अहिले आफनो पहिचान गुमाउँदै गएको छ।

तालको क्षेत्र अतिक्रमण गर्नेहरुमा राजनैतिक पहुच भएका मानिसहरु, पुर्व जमिनदार परिवारहरु, नोकरीतन्त्रमा पहुच भएका मानिसहरु रहेका छन भने जसले सक्यो उसैले ताल क्षेत्र अतिक्रमण गरेको देखे पछि स्थानिय भन्दा केही बाहिरका मानिसहरु समेतको सो ताल क्षेत्र अतिक्रमण गर्न पुगेका छन्। कतिपय मानिसहरुले २०२४ सालमा भएको नापीको निर्णय नै मन्त्रीपरिषदबाट बदर गराई २०२४ साल पुर्वको जमिनदारको खेतको रुपमा परिणत गराउन दौडधुप समेत गरेको पाईएको छ।

ऐतिहासिक नन्दन तालको पुनः संरक्षण एवं विकासका



लागि भन्दै गत पुसमा पाल्हीनन्दन गाउँपालिकाको आयोजनामा जिल्लाको सदरमुकाम परासीमा राजनैतिक दलका प्रतिनिधि, जनप्रतिनिधि एवं सरोकारवाला पक्ष विचमा एक अन्तक्रिया आयोजना गरिएको भए पनि तालको संरक्षणमा काम शुरु हुन सकेको छैन।

ऐतिहासिक नन्दन ताल क्षेत्रमा अतिक्रमण गर्नेहरुमा ३४ विगाहा क्षेत्रमा ६५ जना, ८२ विगाहामा ७५०, २४ विगाहामा ४५ जना गरी जम्मा ८६० जना रहेका छन् भने तालको नक्सा भन्दा बाहिर रहेको जग्गामा अन्य गरी ठुलो संख्यामा मानिसहरुले ऐतिहासिक नन्दन ताल अतिक्रमण गरेको साविक सनई गाविसका अध्यक्ष राजेन्द्र कुमार साहनीले बताउनु भएको छ।

साविक सनहीका पूर्व गाविस अध्यक्ष साहनीका अनुसार नन्दन ताल आफ्नो पूर्ण अस्तित्वमा रहदा विशाल क्षेत्र ओगटेको थियो। जसले यस क्षेत्रको पर्यावरणिय सन्तुलन महत्वपूर्ण भूमिका खेलेको थियो। यो तालमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरु, माछाहरु विभिन्न प्रजातिहरु, बनस्पतीहरु सहित दर्जनौ प्रकारका जलचरहरुको वास्स्थान रहेको थियो। तालको क्षेत्र ठुलो भएको कारण तालको बाहिरी भागमा शिमल, जामुन, सिसौ जस्ता ठुला रुखहरु समेत रहेका थिए भने तालको अस्तित्वसंगै अहिले सबै लोप भएका छन्।

ताल अस्तित्वमा रहदा यस क्षेत्रमा क्रायाङ्क्कुङ, शारस, पन्डुक्की, लम्पुच्छे, पानी हाँस लगाएतका अनेक प्रकारका चराहरुको उपस्थिती रहन्थ्यो भने मौसम अनुसार प्रवासी चराहरुको समेच आगमन हुने गर्दथ्यो। धेरै प्रकारका चराहरु उपस्थिती रहेको अवस्थामा अनेक मानिसहरु यो क्षेत्रमा चराको शिकार समेत गर्न आउने भएका कारण ताल क्षेत्र एक प्रकारले सबैको आकर्षणको केन्द्र थियो।

तालको अतिक्रमणका कारण यस क्षेत्रमा पाईने कर्मूवा, भगनाहा, कोचायक लगाएतका सागका प्रजाति, कछुवा, घोघी, विभिन्न प्रजातिका माछा गरी विभिन्न प्रकारका जलचरहरुको अस्तित्व नै समाप्त भएको पाल्हीनन्दन गाउँपालिका वार्ड नम्बर ६ का अध्यक्ष कृष्ण चन्द यादवले बताउनु भयो।

अहिले नन्दन ताल जस्तै पश्चिम नवलपरासीका स्थानिय तहरुहरुमा कुनै बेलामा अस्तित्वमा रहेका तालतलैया, पोखरी एवं विभिन्न स्थानका सिमसारहरुलाई अतिक्रमण, वा सत्ताको आडमा पुर्ने र भौतिक संरचना बनाउने क्रम बढदै गएको छ।

लोपोन्मुख अवस्थामा पुगेको नन्दन तालको दक्षिणी भागमा प्राचिन नन्दननगरको र उक्त क्षेत्रमा विभिन्न समयमा ईनार एवं अन्य गहिरा खाडलहरु खन्दा प्राचिन कालिन ईटा, खपडा लगाएतका बस्तुहरु फेला पर्ने गरेको पाल्हीनन्दन वार्ड नम्बर ४ का स्थानीयवासी रामकरण हरिजनले बताउनु भएको छ। नन्दन ताल र यसको सेरोफेरोमा उत्खनन अध्ययन हुन सकेको अवस्थामा यस क्षेत्रमा पर्यावरणीय सन्तुलन, प्राचिन संस्कार, संस्कृतिको अध्ययन अनुसन्धानका लागि पर्यटकहरुको आगमनको व्यापक सम्भावना रहेको छ।

नन्दन तालको संरक्षण र प्रवर्धन हुन सकेको खण्डमा रामग्राम स्तुपमा आउने बौद्ध धार्मावलम्बि, पर्यटकहरुलाई यो क्षेत्र ध्यान र योग सहित पर्यावरण अध्ययनको समेत गन्तब्य बन्न सक्ने सम्भावना रहेको छ।

नन्दन तालको संरक्षण र प्रवर्धनमा राम्रो व्यवस्था गर्न सकेको खण्डमा नन्दन ताल, रामग्राम स्तुप, पंडितपुर लगाएतका क्षेत्रमा भारतीय पर्यटकहरुको आगमनको व्यापक सम्भावन रहेको छ। नन्दन तालदेखि जम्मा ७ किलो मिटरको दुरीमा भारतीय सिमाना क्षेत्र रहेको छ। यहाँ गर्मीका दिनमा भारतीय पर्यटकहरुलाई समेत आकर्षण गर्न सकिने सम्भावना व्यापक रहेको छ।

यस क्षेत्रमा पशुपालन, कृषि, लगाएका क्षेत्रमा समेत समस्या परेको छ भने पानीको अभावका कारण अन्य खेतीबालीमा समेत नकारात्मक प्रभाव परेको छ। तालको अतिक्रमित भुमि कसरी पुरानै अवस्थामा ल्याउने भन्ने विषयमा पाल्हीनन्दन गाउँपालिका कार्यालयको आयोजनामा एक अन्तक्रियामा मात्र सिमित बनेको छ। नन्दन तालको संरक्षणको विषयमा पालिकाको आयोजनामा गत पुसको दोस्रो हप्ता जिल्लाको सदरमुकाम परासीमा एउटा सर्वपक्षिय अन्तक्रिया सम्पन्न भएको भए पनि ठोस रुपमा ऐतिहासिक ताल संरक्षणमा काम हुन सकेको छैन।

प्राचिन कालको यस स्थानको पाली भाषा, सनईमा रहेको पाल्हीभगवती मन्दिर र यही नन्दन तालको नामलाई संयुक्त रुपमा मिलाएर यस पालिकाको नाम पाल्हीनन्दन गाउँपालिका राखिएको हो।

टिप्स / जानकारी

# दायाँपट्टि टाउको किन दुख्छ ?

टाउको दुखाइ एक सामान्य प्रकारको दुखाइ हो, जुन अवधि, आवृत्ति र असर गर्ने क्षेत्रको आधारमा फरक हुन सक्छन्।

**दायाँपट्टि टाउको दुखाइका केही कारणहरूः**

**१. न्यूरोलोजिकल अवस्था**

केही न्यूरोलोजिकल अवस्थाले दायाँपट्टिको टाउको दुखाइ निम्त्याउन सक्छन्ः

**ओसिपिटल न्युराल्जिया** ः ओसिपिटल स्नायु, जुन मेरुदण्डको माथिल्लो भागदेखि टाउकोसम्म जान्छ, क्षतिग्रस्त हुँदा वा सुन्निदा यो अवस्था हुन्छ। यसले टाउकोको पछाडि र घाँटीमा चर्को खालको दुखाइ गराउँछ र उज्यालोमा संवेदनशीलता पनि गराउँछ।

**टेम्पोरल आर्टेराइटिस** ः टाउको र घाँटीका धमनीहरू सुन्निनु यो अवस्थाको कारण हो। यसले टाउकोको एकातिर गम्भीर दुखाइका साथै मांसपेशी दुखाइ, थकान, जिउ दुखाइ, र कोमल कनपटी जस्ता लक्षण देखाउँछ।

**ट्राइजेमिनल न्युराल्जियाः** ट्राइजेमिनल स्नायुमाथि बाधा आएर अनुहार र टाउकोमा चर्को दुखाइ हुन्छ। यसले प्रायः एकपटकमा एकतर्फ मात्र असर गर्छ।

**२. औषधि प्रयोग**

केही औषधिहरूको साइड इफेक्टका कारण पनि टाउको दुख्ने गर्दछ। यस्तै, बढी औषधि प्रयोग गर्दा, जस्तैः एसिटामिनोफेन, एस्पिरिन वा आइबुप्रोफेन )औषधिजन्यले टाउको दुखाइ हुन सक्छ।

यो प्रकारको टाउको दुखाइलाई मेडिकेसन ओभरयुज हेडेक भनिन्छ।

यस्ता दुखाइ प्रायः बिहान उठ्नेबित्तिकै बढी पीडादायी हुन्छ।

**३. अन्य कारणहरू**

दायाँपट्टि मात्र नभएर टाउकोभरि असर गर्ने अन्य कारणहरू पनि हुन सक्छन्ः

एलर्जी
धमनी प्वाल परेर सुन्निनु (एन्युरिज्म)
थकान
चोटपटक
सङ्क्रमण, जस्तै, साइनस सङ्क्रमण
रक्तचिनीको कमी
घाँटीको मांसपेशी डल्लो परेर दुख्ने
ट्यूमर

कुन प्रकारको टाउको दुखाइले दाहिने पक्षलाई असर गर्छ ? टाउको दुखाइका २०० भन्दा बढी प्रकारहरू छन्।

केही प्राथमिक टाउको दुखाइ हुन्छ, जहाँ टाउको दुखाइ मुख्य लक्षण हुन्छ। केही भने अर्को कुनै रोगको लक्षणका रूपमा देखा पर्छन्।

माइग्रेन वा क्लस्टर हेडेक प्रायः टाउकोको एकतर्फ हुने टाउको दुखाइका मुख्य कारण हुन्। केही व्यक्तिहरूमा टेन्सन हेडेकले पनि एकतर्फ दुख्न सक्दछ।

**माइग्रेन**

माइग्रेन एक प्रकारको गम्भीर टाउको दुखाइ हो, जसले टाउकोमा मुटु धड्किए जस्तो ढुक-ढुक गरेर दुखाई गराउँछ।

लक्षणहरूः दृष्टि धमिलो हुनु, वाकवाकी हुनु, उज्यालो र आवाजप्रति संवेदनशीलता हुनु।

माइग्रेनका २५ प्रतिशत मानिसहरूमा टाउको दुख्नु अघि दृश्यमा समस्या हुने र केही क्षणलाई दृस्टी गुमाउने हुन सक्छ। लक्षणहरू ७२ घण्टासम्म वा उपचार नगरेको अवस्थामा बढी समयसम्म रहन सक्छ र दुखाइ सामान्यतया टाउकोको एकतर्फ मात्र हुन्छ।

**माइग्रेनलाई ट्रिगर गर्ने कारणहरूः**

उज्यालो बत्तीहरू
मौसम परिवर्तन
मानसिक तनाव वा चिन्ता
खानेकुरा र पेय पदार्थहरू, जस्तै मदिरा, चोकलेट, पनीर र माछा
हर्मोनल परिवर्तन
ठूलो आवाज
खाना नखाँदा
तीव्र गन्ध
थकान
धेरै वा कम सुत्नु

प्रारम्भिक उपचार लक्षणहरूको लम्बाइ र गम्भीरता कम गराउन महत्वपूर्ण छ।

क्लस्टर हेडेक ः यो दुर्लभ तर गम्भीर टाउको दुखाइ हो, जुन चक्रात्मक रूपमा हुन्छ। दुखाइ तीव्र हुन्छ र सामान्यतया एक आँखाको वरिपरि हुन्छ। यो टाउको र अनुहारका अन्य क्षेत्रहरूमा पनि फैलिन सक्छ, मुख्य गरी घाँटी र काँधमा।

मानिसहरूले सामान्यतः हप्तौं वा महिनौंसम्म टाउको दुखाइका बारम्बार आक्रमणहरू अनुभव गर्छन्, जसपछि मात्र एक राहतको अवधि आउँछ।

लक्षणहरूः आँखा रसाउने, रातो हुने, दुख्ने र सुन्निने, अनुहारमा पसिना आउने, छाला पहेँलो हुने, बेचैनी हुने र रुघाखोकी लाग्ने।

पुरुषमा यो समस्या बढी देखिन्छ।

टेन्सन हेडेक ः टेन्सन हेडेक्स सबैभन्दा सामान्य प्रकारको टाउको दुखाइ हो, जसले लगभग १ मध्ये ५ व्यक्तिलाई असर पुर्‍याउँछ। केही व्यक्तिहरूलाई धेरै पुरानो टेन्सन प्रकारको टाउको दुखाइ हुन सक्छ, जहाँ मानिसहरूलाई हरेक महिना १५ दिनभन्दा बढी टाउको दुखाइ हुन्छ, जुन केही घण्टा सम्म रहन सक्छ वा बारम्बार आउँछ र जान्छ।

यी सामान्यतया टाउकोको दुवै पक्षलाई असर पुर्याउँछन्, तर केही व्यक्तिहरूमा एकतर्फ मात्र लक्षण देखा पर्न सक्छ।

लक्षणहरूः मध्य टाउको दुखिरहनु, कपालका जरा कमजोर हुनु, काँध र घाँटीको मांसपेशीमा दुखाइ वा कडापन महसुस हुनु, टाउकोको माथि, छेउ वा पछाडि पट्टि कसिलोपन र चाप हुनु।

लक्षणहरू सामान्यतया केहि मिनेटदेखि केही घण्टासम्म रहन्छ र यसको गम्भीरता बिस्तारै हल्का देखि मध्यम हुँदै जान्छ।

दायाँपट्टि टाउको दुखाइ सामान्य हुन सक्छ, तर बारम्बार वा गम्भीर अवस्थामा चिकित्सकसँग परामर्श गर्नु आवश्यक छ।

स्वास्थ्य खबरबाट

## आर्थिक वर्ष २०८२/०८३ को बजेट:

# कुन प्रदेशको कति ?

बुटवल । कर्णाली प्रदेशले आइतबार मध्यरातमा बजेट ल्याएसँगै सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक आय र व्ययको अनुमान (बजेट) सम्बन्धित प्रदेशसभामा पेस गरेका छन् । केन्द्र सरकारमा जस्तै प्रदेशमा पनि न्यून राजस्व र स्रोतको चाप व्यवस्थापन मुख्य चुनौतीका रूपमा देखिन्छ । सबैजसो प्रदेशले अघिल्ला आर्थिक वर्षमा खर्च गर्न नसकेर बचत रहेको रकमलाई पनि बजेट स्रोत देखाएका छन् । गण्डकी र मधेस प्रदेशले घाटा बजेट ल्याएर आन्तरिक ऋण उठाउने गरी बजेटको जोहो गरेका छन् । आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशले रु एक अर्ब ७५ करोड र मधेस प्रदेशले रु दुई अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेका छन् ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आइतबार लुम्बिनी प्रदेशसभामा बजेट प्रस्तुत गरे । लुम्बिनीले आगामी आर्थिक वर्षका लागि कूल रु ३८ अर्ब ९१ करोडको बजेट ल्याएको छ । जसमध्ये, चालुतर्फ रु १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ रु २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६०.३२ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८.८० प्रतिशत छ ।

लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु सात अर्ब ७८ करोड ४ लाख नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रु ११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रु ४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु दुई अर्ब ८२ करोड ९० लाख प्राप्त हुने अनुमान गरिएको छ । सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट रु चार अर्ब ६६ करोड १५ लाख, समपुरक अनुदानबाट रु ५१ करोड ४० लाख, विशेष अनुदानबाट रु ४० करोड र चालु आर्थिक वर्षको नगद मौज्दातबाट रु दुई अर्ब परिचालन गर्नेगरी बजेटको स्रोत देखाइएको छ ।

**कर्णाली प्रदेश**

प्रतिपक्षी दलको अवरोधका कारण कर्णाली प्रदेशसभा बस्न नसकेपछि वार्षिक राजस्व र व्ययको अनुमान पेस गर्ने कार्यसूची प्रभावित भएको थियो । आइतबार मध्यरातमा प्रदेशसभा बैठक सञ्चालन भएपछि त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गरे ।

कर्णाली प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट ल्याएको छ । यो चालु आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो । कूल विनियोजनमध्ये चालुतर्फ रु सात अर्ब ७९ करोड ९१ लाख एक हजार अर्थात् २३.६४ प्रतिशत रहेको छ । पुँजीगततर्फ रु १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् कूल विनियोजनको ६०.५५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु ६१ करोड ५० लाख अर्थात् कूल विनियोजनको १.६६ प्रतिशत बजेट छुट्याइएको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार अर्ब ५९ करोड ९८ लाख ४१ हजार अर्थात् १३.९५ प्रतिशत विनियोजन गरिएको छ ।

उक्त बजेटको स्रोतमध्ये आन्तरिक आयबाट रु ९६ करोड ७४ लाख ११ हजार, चालु आर्थिक वर्ष खर्च हुन नसकी बचत हुने बजेटबाट रु पाँच अर्ब ६९ करोड ६८ लाख ४४ हजार र सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट जाने रु १० अर्ब २७ करोड ३० लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ । वित्तीय समानीकरण अनुदानबाट रु १० अर्ब ५६ करोड चार लाख, सशर्त अनुदानबाट रु चार अर्ब ४४ करोड ६० लाख, समपुरक अनुदानबाट रु ५३ करोड ९७ लाख र विशेष अनुदानबाट रु ४९ करोड ४६ लाख स्रोत परिचालन गरिने अनुमान छ ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजारको बजेट ल्याएको छ । आइतबार सुदूरपश्चिम प्रदेशसभा बैठकमा आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले आगामी आर्थिक वर्षको बजेट पेस गरे । यो प्रदेशले ल्याएको आगामी आर्थिक वर्षको कूल बजेटमध्ये चालुतर्फ रु १० अर्ब २० करोड ८१ लाख ४२ हजार अर्थात् ३०.४९ प्रतिशत, पुँजीगततर्फ रु १९ अर्ब ८३ करोड दुई लाख छ हजार अर्थात् ५९.२५ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत रु तीन अर्व ४२ करोड ७७ लाख अर्थात् १०.२४ प्रतिशत विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ रू एक करोड छुट्याएको छ ।

सुदूरपश्चिम सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरेको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु एक अर्ब ६५ करोड, सङ्घ सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रु नौ अर्ब ८७ करोड २५ लाख, सङ्घीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रु आठ करोडलाई बजेटको स्रोत देखाइएको छ । त्यसैगरी सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु आठ अर्ब ९२ करोड ५६ लाख, चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजनबाट बचत हुने अनुमानित रकम रू सात अर्ब ६६ करोड ६३ लाख ४८ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रु चार अर्ब १६ करोड ३० लाख, सङ्घीय समपूरक अनुदानबाट प्राप्त हुने रु ६० करोड २६ लाख र विशेष अनुदानबाट प्राप्त हुने रु ५१ करोड ६० लाखलाई आगामी आर्थिक वर्षको व्ययको स्रोत अनुमान गरिएको छ ।

**गण्डकी प्रदेश**

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशले रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार बराबरको बजेट ल्याएको छ । आइतबार गण्डकी प्रदेशसभामा आर्थिक मामिलामन्त्री डा. टंकराज गुरुङले आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान पेस गरे ।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्चमध्ये चालुतर्फ रु १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार अर्थात् कूल विनियोजनको ३९.५ प्रतिशत रहेको छ । पुँजीगततर्फ रु १९ अर्ब नौ करोड ३३ लाख २४ हजार अर्थात् कूल विनियोजनको ५९ दशमलव ७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात कूल विनियोजनको ०.८ प्रतिशत छ । यो प्रदेशले आगामी वर्षमा रु एक करोड ५४ लाख ५२ हजार सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छ ।

गण्डकी प्रदेशका लागि आगामी आर्थिक वर्षका लागि छुट्याइएको बजेटको स्रोतमध्ये केन्द्र सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु सात अर्ब ७३ करोड ८९ लाख, राजस्व बाँडफाँटबाट रु नौ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट रु ४९ करोड ८९ लाख ७७ हजार, सशर्त अनुदानतर्फ रु तीन अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ रु ६३ करोड ९७ लाख र विशेष अनुदानतर्फ रु ४९ करोड ८६ लाख प्राप्त हुने गरी स्रोतको अनुमान गरिएको छ । यो प्रदेशले आगामी आर्थिक वर्ष आन्तरिक राजस्व रु पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार उठाउने अनुमान गरेको छ । साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् रु दुई अर्ब २४ करोड ५० लाख ९४ हजार नगद मौज्दात बचत हुने रकमलाई पनि बजेटको स्रोत देखाइएको छ । बाँकी रु एक अर्ब ७५ करोड आन्तरिक ऋण उठाउने गण्डकी प्रदेश सरकारको योजना छ ।

**बागमती प्रदेश**

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेस गरे ।

बागमती प्रदेशले आगामी आर्थिक वर्षको लागि प्रस्तावित सरकारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार बजेट छुट्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु २६ अर्ब चार करोड ४६ लाख ९१ हजार र पुँजीगततर्फ रु ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार विनियोजन गरिएको छ । कूल विनियोजनमध्ये चालुतर्फ ३८.६० प्रतिशत र पुँजीगततर्फ ६१.४० प्रतिशत हुन आउँछ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु २८ अर्ब ८७ करोड ८२ लाख १ हजार र अन्य राजस्वबाट रु ६ अर्ब ७९ करोड चार लाख १३ हजार उठाउने लक्ष्य राखेको छ । सङ्घीय वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रु १४ अर्ब ८१ करोड ९३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट रु १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार व्यहोरिने अनुमान गरिएको छ ।

**मधेस प्रदेश**

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार मधेस प्रदेशसभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरे । यो प्रदेशले आगामी आर्थिक वर्षका लागि कूल रु ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत र पुँजीगततर्फ रु ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत रहेको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको बजेटको तुलनामा ६.१३ प्रतिशत बढी हो ।

मधेस प्रदेशको आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु नौ अर्ब ५० करोड ८३ लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ । सङ्घ सरकारबाट जाने वित्तीय समानीकरण अनुदानबाट रु सात अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु चार अर्ब २६ करोड १८ लाख, विशेष अनुदान बाट रु ३९ करोड ४५ लाख र समपुरक अनुदानबाट रु ३५ करोड ८२ लाख गरी जम्मा रु १२ अर्ब ७३ करोड ६४ लाख बराबर वित्तीय हस्तान्तरणमार्फत् जाने रकमलाई आगामी आर्थिक वर्षको बजेट स्रोतका रूपमा देखाइएको छ । सङ्घीय राजस्व बाँडफाँटबाट रु १२ अर्ब ३५ करोड ८४ लाख प्रापत हुने र गत वर्षको नगद मौज्दातबाट रु १० अर्ब ३८ करोड दुई लाख ५१ हजार बराबर स्रोत व्यहोरिने अनुमान गरिएको छ । बाँकी अपुग रु दुई अर्ब रकम आन्तरिक ऋण उठाएर पूर्ति गर्ने गरी मधेस प्रदेशले बजेट स्रोत देखाएको छ ।

**कोशी प्रदेश**

कोशी प्रदेशले आगामी आर्थिक वर्षका लागि रु ३५ अर्ब ८७ करोड ९९ लाख विनियोजन गरेको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु १८ अर्ब ६७ करोड ३३ लाख अर्थात् ५२ प्रतिशत, पुँजीगततर्फ रु १७ अर्ब १० करोड ६५ लाख अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात् ०.३ प्रतिशत रहेको छ । कोशी प्रदेशको यो बजेटको आकार चालु आर्थिक वर्षको बजेटको तुलनामा १.७ प्रतिशतले बढी हो । कूल विनियोजनमा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणतर्फको रकम रु चार अर्ब ७० करोड ७२ लाख रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतमध्ये कोशी प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रु १२ अर्ब ३९ करोड ६० लाख र सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु चार अर्ब ९८ करोड ३४ लाखलाई बजेट स्रोत देखाइएको छ । सशर्त अनुदानबाट रु चार अर्ब ५७ करोड १० लाख, समपुरक अनुदानबाट रु ३९ करोड़ १७ लाख र विशेष अनुदानबाट रु ५५ करोड ७२ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रु ३२ अर्ब ७४ करोड र रोयल्टीबाट प्राप्त हुने रकमबाट रु ३५ करोड ९९ लाखलाई बजेट स्रोत देखाइएको छ ।

बाँकी अपुग रकम नगद चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट मौज्दातबाट रु तीन अर्ब १३ करोड ब्यहोर्ने गरी स्रोतको अनुमान गरिएको छ । कोशी प्रदेशसभामा त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गरेका हुन् । कोशी प्रदेशले आगामी आर्थिक वर्ष ५.३ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य बजेटमार्फत् राखेको छ ।

# स्वरोजगार बन्न विद्यार्थीलाई ‘करियर काउन्सिलिङ’



तुलसीपुर । दाङको तुलसीपुर उपमहानगरपालिका-४ स्थित गुरुजजुर नमूना माध्यमिक विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीहरुलाई ‘करियर काउन्सिलिङ’ दिन थालिएको छ ।

कक्षा १२ पढेपछि विदेश जाने लहर चलेपछि विद्यार्थीले नेपालमै केही गर्न सक्छन्, भन्ने सन्देश दिन यो कार्यक्रम अघि बढाएको विद्यालयका प्रधानाध्यापक विष्णु केसीले बताए । उनका अनुसार सोमबारदेखि सुरु भएको उक्त कार्यक्रम यही असार ७ गतेसम्म चल्नेछ । त्यस क्रममा निजामती, शिक्षक सेवा, नेपाल प्रहरी, नेपाली सेना, बैंकिङ, न्यायलगायतका सेवाका बारेमा विद्यार्थीलाई जानकारी दिइनेछ ।

सहायक प्रधानाध्यापक प्रमोद न्यौपानेका अनुसार विद्यार्थीहरु पछिल्लो समय निजामती, शिक्षकलगायतका सेवामा भन्दा विदेश जाने गरेकाले नेपालमै भविष्य बनाउनुपर्छ भन्ने उद्देश्यका साथ उक्त कार्यक्रम अघि बढाइएको उनको भनाइ छ ।

तुलसीपुर उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवराज पार्धेले विद्यार्थीले जुन विषयमा रुची छ, त्यही विषयमा गहिरिएर लागेमा सफलता हात पर्ने बताए । “सबै निजामती नै हुनुपर्छ भन्ने होइन, राम्रो व्यवसायी, राम्रो कलाकार, राम्रो खेलाडी बन्न सक्छि ।”-उनले भने ।

---

**तिलोत्तमा...**

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत नारायण अर्यालले नगरवासिलाई स्वस्थ राख्न यो कार्यक्रमलाई प्राथमिकतामा राखेको बताए । तिलोत्तमा नगरपालिका वडा नं १० का वडा अध्यक्ष गोपालप्रसाद घिमिरे र स्वास्थ्य शाखाका अधिकृत राम प्रसाद ढकालले कार्यक्रमको वारेमा प्रकाश पारेका थिए । स्वाथ्य परीक्षणमा आम्दा अस्पतालका डा.नारायण जीसी र देवदह मेडिकल कलेजका डा. आरतिश्रेष्ठ, लुम्बिनी प्रादेशिक अस्पताल र नेपाल परिवार नियोजन संघका नर्सहरुको सहभागिता रहेको सेमरा बजार स्वास्थ्य चौकीका प्रमुख कमल पान्डेले बताए । वडा नं १० पछि अन्य वडाहरुमा पनि निःशुल्क शिविर निरन्तर चल्ने छ ।

## प्रतापपुर गाउँपालिकाको अनुरोध

**चट्याङ्गबाट बचौं र बचाऔं**

आकाशमा बिजुली चम्कदा र गडयाङ्गगुङ्ग हुँदा

-घरभित्रै बसौं ।

-रुख वा बिजुलीको पोलमुनि नबसौं ।

-पौडी खेल्ने, डुंङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।

-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं ।

-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं ।

-झ्याल, भऱ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं ।

**चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं ।**

**प्रतापपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
(बसुप) नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

## काठको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति - २०८२/०३/०३

यस सामुदायिक बन उपभोक्ता समुहको बनवाट उत्पादन भई शितगंगा १३ पानी टंकी चौरमा घाटगद्दी गरी राखिएको साल जातको काठ ९००५ ७१ क्यू फि अन्य जातको काठ ६७६ ४२ क्यू. फि., साल दाउरा ४१.५० चट्टा र अन्य दाउरा ९.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखांचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री धिरीखोला सामुदायिक वन उपभोक्ता समुह**
शितगंगा न.पा १३ भंगला अर्घाखांची

**अनुसूची १५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित**

## काठको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०३/०३**

श्री चेतरादेई सामुदायिक वन उपभोक्ता समूह बुद्धभूमि न. पा. १० चेतरादेई कपिलस्तुको वनक्षेत्रबाट डिभिजन वन कार्यलाय कपिलबस्तु को संचालन सहमति अनुसार आ. व. २०८१/०८२ मा संकालन गरी उत्पादन भएको काठ मध्ये सा. व. उ. स. को घाटगद्दीमा लट बनाई राखिएको टिक, कटहर, महुवा जातको गोलिया थान १९१ को ६८८.६२ क्यू. फिट काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । रित पुगेका इच्छुक वन पैदावरमा आधारित (काठ दाउरा) संचालनमा रहेका उद्योगहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ले २१ दिन सम्मामा बोलपत्र खरिद गरी २२ औं दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरीन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलाय मा सम्पर्क गर्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरीएको व्यहोरा अनुरोध छ ।

**अनुरोधक**

**श्री चेतरादेई सामुदायिक वन उपभोक्ता, समूह**
**बुद्ध भूमि नं. पा. १० चेतरादेई, कविलास्तु**
**मोवाईल नं. ९८४७२९४००४**

हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
झ्यालवास ,नवलपरासी (व.सु.पु.)

## बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

प्रकाशित मिति :२०८२/०३/०३

यस गाउँपालिकाबाट मिति २०८२/०१/१० मा प्रकाशित सूचना अनुसार विधुतीय खरिद विधि (E–Bidding) मार्फतदर्ता हुन आएका वोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिलका वोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त वोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि वोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना जारी गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का न. | कामको विवरण | वोलपत्र दाताको नाम | कवोल रकम (भ्याट सहित ) |
|---|---|---|---|---|
| १ | Hup/Ncb/G/2/081/82 | Supply and Delivery of Sanitary Pad | Health & Hygiene Products Pvt. Ltd.,Biratnagar-09 | ६,०९,४३९/- |

प्रमुख प्रशासकिय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**नारायणगढमा योग शिविरः**
भारतको महावाणिज्य दूतावास, वीरगञ्जद्वारा सोमबार चितवनको नारायणगढमा आयोजना गरिएको बृहत् योग शिविरका सहभागीहरु। ११औं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा दूतावासले नारायणी किनारमा योग शिविर आयोजना गरेको हो। तस्विरः सनद अधिकारी/रासस

# विपन्न बालबालिकालाई पोषण तथा शैक्षिक सामग्री सहयोग



पाल्पा। पाल्पाको रामपुर नगरपालिकाकाले बालबालिकालाई पोषण तथा सहायक शैक्षिक सामग्री प्रदान गरेको छ। शारीरिक तथा मानसिक समस्यामा रहेका, दीर्घरोगी, पारिवारिकलगायतका विभिन्न समस्यासँग जुँधिरहेका बालबालिकालाई पोषणयुक्त आहार, पठनपाठनका लागि सहायक सामग्री सहयोग गरिएको छ।

यहाँका ६ जना बालबालिकालाई राहतस्वरुप आपतकालीन बालउद्धार कोषमार्फत् पोषण सामग्री र पठनपाठनका लागि सहायक सामग्री प्रदान गरिएको महिला तथा बालबालिका शाखा प्रमुख पूजा परियारले जानकारी दिइन्।

उनका अनुसार नगरपालिकाले दृष्टिविहीन पृथ्वीनारायण क्याम्पस पोखरामा स्नातक तेस्रो वर्षमा अध्ययनरत रामपुर-६ का विपना खनाललाई ल्यापटप सहयोग गरेको छ।

नगरपालिकाले पारिवारिक समस्या, अनाथ बालबालिका, मानसिक तथा दीर्घ रोगबाट ग्रसितलगायत विभिन्न समस्या भोगिरहेका बालबालिका, जेहेन्दार, आर्थिक अवस्था कमजोर भएकालाई राहतका सामग्री तथा छात्रवृत्ति रकमसमेत उपलब्ध गराउँदै आइरहेको नगर प्रमुख रमणबहादुर थापाले जानकारी दिए। नगरपालिकाले विद्यालय तथा उच्च शिक्षा अध्ययनका लागि नगर सरकारले मेयर छात्रवृत्ति कार्यक्रममार्फत रकम उपलब्ध गराइरहेको छ।

# राष्ट्रपति पौडेलद्वारा कावासोतीमा वृक्षारोपण



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति चुरे तराई मधेष संरक्षण विकास समिति जुन उद्देश्यले स्थापना गरिएको हो सो अनुसार काम गर्न नसकेको बताएका छन्।

सोमबार नवलपुरको कावासोतीमा एघारौं चुरे संरक्षण दिवसको अवसर पारेर कावासोतीको ज्योतिकुञ्ज सामुदायिक वनमा आयोजित वृक्षारोपण कार्यक्रमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन्।

राष्ट्रपति पौडेलले उद्देश्य अनुरूपका उपलब्धि हाँसिल भए नभएको समीक्षा गरी यसतर्फ सम्बन्धित सबै पक्ष गम्भीर हुन जरुरी रहेकोमा जोड दिए।

राष्ट्रपति रामचन्द्र पौडेलले चुरे संरक्षणको नाममा खोला तथा नदीजन्य वस्तुले पुरिएर खोलाले बाटो फेर्ने अवस्था आउँदासम्म पनि नदीजन्य वस्तु निकाल्न नदिनु उपयुक्त नहुने बताए।

उनले भने -'अहिले चुरेको महत्वपूर्ण समस्या के पनि छ भने माथिबाट गिटी बलुवा बगेर ल्याउँछ खोला नदी बग्ने बाटो भरिन्छ। खोलाको बाटो पुरे पछि त्यो खोला गाउँ र उर्भर भूमि तिर हिंड्छ अनि गाउँ र उर्भरभूमि म ?

उनले खोलाबाट आवश्यकता हेरि नदीजन्य वस्तु निकासी गरेर खोलालाई आफ्नो बाटोमा हिड्न दिने र नदीजन्य वस्तु आवश्यकता परेको ठाउँमा प्रयोग गर्नु पर्नेमा जोड दिए। राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति चुरे तराई मधेष संरक्षण विकास समितिका लागि नेपाली सेनाले खेलेको भूमिकोको प्रसंशा समेत गरेका थिए। कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्ट, संघीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी, वन तथा वातावरण राज्य मन्त्री ?पा विक, गण्डकी प्रदेश कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्री पद्मा जिसी श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा वन मन्त्री ऐनबहादुर शाही ठकुरीले पानीको मुख्य स्रोत नै चुरे क्षेत्र भएकोले चुरेको संरक्षण गर्नु पर्नेमा जोड दिए।

कार्यक्रममा कावासोती नगरपालिकाका नगर प्रमुख विष्णु भुसालले चुरेसँग जोडिएका खोला तथा नदीहरुमा तट्बन्धनको उचित व्यवस्थापन नहुँदा खोलाले खोला छेउ बस्ने बासिन्दाहरु बाढीका कारण सुकुम्बासीमा परिणत हुनु पर्ने अवस्था भएकोले सरकारले त्यसतर्फ ध्यान दिनु पर्नेमा जोड दिए।

उक्त क्षेत्रमा वन तथा पर्यावरण सुरक्षागण कावासोती हात्तीखोरले १० हजार विरुवा वृक्षारोपण गरेर ३ बर्षपछि सामुदायिक वनलाई हस्तान्तरण गर्ने जनाएको छ।


**कृषि ज्ञान केन्द्र तौलिहवा कपिलवस्तुको अनुरोध**

१.कृषि ज्ञान केन्द्र तौलिहवा सँग नियमित सम्पर्कमा रही, तालिम, अनुदान र प्रविधिको जानकारी समयमै लिऔं।
२.मौसमी तरकारी, फलफूल र पशुपालन गरेर घरको आम्दानी स्थायी बनाऔं।
३.बालीमा रोग लागेमा तुरुन्त कृषि प्राविधिकको सल्लाह लिऊँ – आफ्नै अनुमानमा औषधि हालेर माटो बर्बाद नगरौं।
४.उब्जाउ बढाउन हरेक २ बर्षमा माटो परीक्षण गरौं, आवश्यकतानुसार मल र सुक्ष्म पोषक तत्व प्रयोग गरौं।
५.बीउ राम्रो भयो भने आधा काम सफल हुन्छ त्यसैले प्रमाणित एवं उन्नत जातको बीउ मात्र प्रयोग गरौं।
६.मल प्रयोगको तालिका कृषि ज्ञान केन्द्रबाट लिएर मात्र मल हालौं माटो अनुसार मात्र।
७.बालीसँगै तरकारी र फलफूल खेती गरौं आम्दानी पनि बढ्छ, परिवारको पोषण पनि मजबुत हुन्छ।

**कृषि ज्ञान केन्द्र, कपिलवस्तु**
**तौलिहवा, कपिलवस्तु**

**आम सर्वसाधरणमा अनुरोध**

- चर्पिको नियमित प्रयोग गर्ने गरौं।
- व्यक्तिगत सरसरफाइमा ध्यान दिऔं।
- सुरक्षित खाना खाने बानी बसालौं।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गर्ने गरौं।
- साबुन पानीले हात धुने बानीको विकास गरौं।
- घरयासी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने गरौं।
- पूर्ण सरसफाइ प्राप्तिमा विशेष ध्यान दिने गरौं।

**खानेपानी तथा सरसफाई कार्यालय, कपिलवस्तु**
**तौलिहवा, कपिलवस्तु**


# वालिङमा 'एक विद्यालय एक करेसाबारी अभियान'



वालिङ। स्याङ्जाको वालिङ नगरपालिका- १४ उपल्लो पेखुस्थित हिमशिखर आधारभूत विद्यालयले दिवा खाजामा प्रयोग गर्ने सामग्री विद्यालयमै उत्पादन गर्दै आएको छ।

वालिङ नगरपालिकाको 'एक विद्यालय एक करेसाबारी अभियान' अन्तरगत सिक्दै कमाउँदै कार्यक्रममार्फत् विद्यालयले मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आइरहेको छ। विद्यालयले शैक्षिक सत्र २०८१ देखि यो कार्यक्रम सञ्चालन गर्दै आएको विद्यालयका प्रधानाध्यापक मित्रलाल खनालले जानकारी दिए। नगरपालिकाले यो कार्यक्रम सञ्चालनका लागि शैक्षिक वर्ष २०८१ मा रु एक लाख उपलब्ध गराएको थियो भने चालु शैक्षिक वर्षका लागि रु एक लाख उपलब्ध गराउने गरी सम्झौता भइसकेको उनले बताए।

सरकारले कक्षा १-५ सम्मका विद्यार्थीलाई दिवा खाजाका लागि प्रति विद्यार्थी रु १५ उपलब्ध गराउँदै आएको छ। कक्षा १-८ सम्म सञ्चालनमा रहेको यस विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउँदै आएको उनले जनाए। "विद्यालयसँगै जोडिएको स्थानीयको तीन रोपनी जग्गा भाडामा लिएर शिक्षक विद्यार्थी मिलेर मौसमी तथा बेमौसमी जातका तरकारी उत्पादन गर्दै आएका छौं," उनले भने-"यहाँ उत्पादन भएको तरकारी विद्यालयको दिवा खाजामा प्रयोग गर्छौं।"

दिवा खाजामा प्रयोग गरेर रहेको उत्पादनलाई बिक्री गरी चामल, चनालगायतका अन्य खाद्यान्न विद्यालयले खरिद गर्दै आएको छ। कक्षा ६, ७, ८ का विद्यार्थी र शिक्षकहरुले कक्षा खाली भएका बेला, बिदाका दिनमा सामूहिकरुपमा करेसाबारीमा तरकारी लगाउन सिक्ने गरेका छन्।

मलखाद बोक्ने, खनजोत गर्ने अथवा भारी कामका लागि कामदार खोज्ने र हल्का काम शिक्षक विद्यार्थीबाट हुने गरेको छ। करेसाबारीमा टनेलभित्र र बाहिर गरी मौसमी र बेमौसमी तरकारी अन्तरगत करेला, घिरौंला, काँक्रा, खुर्सानी, गोलभेडा, काउली, बन्दा, आलु, प्याज, लसुन उत्पादन गर्दै आएको छ।

विद्यालयले गत शैक्षिक सत्र २०८१ मा रु ८० हजारको गोलभेडा लगायतका तरकारी बिक्री गरेर आम्दानीसमेत गर्न सफल भएको उनले जनाए। यसवर्ष दिवा खाजामा प्रयोग गर्न मिल्ने खालका तरकारीसँगै व्यावसायिकरुपमा अकबरे खेती गरिएको छ। अहिले विद्यालयको करेसाबारीमा एक हजार बोट अकबरे खुर्सानी लगाइएको छ।

विद्यार्थीले पढाइसँगै दैनिक जीवनमा प्रयोग हुने ज्ञान, सीप विद्यालयमै सामूहिकरुपमा सिक्न पाएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र खाण ठकुरीले बताए। "विद्यालयमा सिकेको सीप आफ्नो घरमा आएर पनि प्रयोग गर्न विद्यार्थीहरु सक्ने भएका छन्," उनले भने-"यसबाट विद्यार्थी तथा अभिभावकहरुमा सकारात्मक सन्देश गएको छ, सिक्दै कमाउँदै कार्यक्रम प्रभावकारी भएको छ।" ग्रामीण भेगमा रहेको उक्त विद्यालयमा ७६ जना विद्यार्थी र ११ जना शिक्षक तथा कर्मचारी रहेका छन्।


**लु (तातोहावा) को असर बच्ने उपाय**

| लु.का असर | लु.बाट बच्ने उपाय |
|---|---|
| - थकाई लाग्ने | -प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ। |
| -कमजोरी हुने | -शरीर कमजोर भएमा जीवन जल पिऊँ। |
| -बढी तिर्खा लाग्ने | -शितल छहारीमा बसौं। |
| -टाउको दुख्ने | -घाम लागेको बेला खेतबारीमा काम नगरौं। |
| -खुट्टा बाँउडिने | -घाममा निस्कँदा छाता ओढौं |
| -रिङ्गटा लाग्ने | -अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं। |
| -बेहोस हुने | -मौसमी फलफूल र तीनको रस सेवन गरौं। |
| -मांसपेशी दुख्ने | -'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं। |
| -वान्ता हुने आदि। | |

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com